बुटवल पावर कम्पनी लिमिटेड
२८औं वार्षिक साधारण सभाको सूचना

मिति २०७७।९।३ (तद्नुसार १८ डिसेम्बर २०२०) मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको २८ औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका प्रस्तावहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । कोरोना भाइरस (COVID-19) को विश्वव्यापी महामारीवाट सुरक्षित रहनका लागि नेपाल सरकारले जारी गरेका स्वस्थ्य सुरक्षा मापदण्डहरूको समेत पूर्ण पालना गरी सभा संचालन गर्नुपर्ने भएकोले यस्तो विशेष परिस्थितिलाई मध्यनजर गरी शेयरधनीहरूज्यूलाई विद्युतीय माध्यमवाट सभामा भाग लिन सकिने व्यवस्था मिलाईएको हुँदा सोही अनुसार उपस्थित भई सभामा भागलिनका लागि अनुरोध छ ।

साधारण सभा हुने मिति, स्थान र समय :

मिति :२०७७ पौष २८ गते मंगलवार (तद्नुसार जनवरी १२, २०२१) ।
समय : बिहान ११:०० बजे ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, बानेश्वर, काठमाण्डौं ।

छलफलका विषयहरू :

(क) सामान्य प्रस्तावः

१. संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७६/०७७ को वित्तिय विवरणहरू उपर छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०७७/०७८ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. शेयर दाखिल खारेज बन्द भएको मिति सम्म कायम शेयरधनीहरूलाई आ.ब. ०७६/०७७ को मुनाफा (लाभांश आम्दानीको हिस्सा) बाट चुक्ता पूंजीको १५% (पन्ध्र प्रतिशत) नगद लाभांश वितरण गर्ने ।

(ख) विशेष प्रस्तावः

१. बोनस शेयर जारी गर्ने प्रयोजनका लागि कम्पनीको चुक्ता पूँजी बृद्धि गर्ने र प्रवन्धपत्रको दफा ५(ख) संशोधन गर्ने ।

(नोटः शेयरधनीहरूलाई १०% बोनस शेयर जारी गर्नका लागि कम्पनीको हालको चुक्ता पूँजी रू. २,६८,३८,८१,८०० बृद्धि गरी रू. २,९५,२२,७०,००० पुऱ्याउने । बोनस शेयर बाँडफाँड गर्दा दशमलव पछिको अंकलाई राउण्ड अफ गर्दा यस अंकमा समायोजन हुन सक्ने ।)

२. आ.ब. ०७६/०७७ को मुनाफा (लाभांश आम्दानीको हिस्सा) बाट चुक्ता पूंजीको १०% (दश प्रतिशत) बोनस शेयर जारी गर्ने ।

(नोटः कम्पनीको हाल चुक्ता पूँजी रू. २,६८,३८,८१,८०० रहेका छ र बोनस शेयर बाँडफाँड गर्दा दशमलव पछिको अंकलाई राउण्ड अफ गरी नगद लाभांशसंग समायोजन गरी वितरण गर्ने ।)

३ आ.व. २०७६।०७७ मा विभिन्न व्यक्तिहरूलाई दिइएको आर्थिक सहयोग रकम रू. २,०५,८८२ अनुमोदन गर्ने ।

(ग) विविध ।

<u>साधारण सभा सम्बन्धी जानकारीहरूः</u>

१. शेयरधनीहरूलाई भर्चुअल माध्यम ZOOM App मार्फत सभामा भाग लिन सकिने व्यवस्था गरिएको छ । सो प्रयोजनका लागि आफ्नो नाम र BOID खुलाई कम्पनीको इमेल ठेगाना info@bpc.com.np वा शेयर रजिष्ट्रार श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लि. को इमेल ठेगाना rta@nabilinvest.com.np मा इमेल गरी Meeting ID र Passcode प्राप्त गर्न सकिनेछ । शेयरधनीहरूको पहिचान गरी Meeting ID र Passcode पठाउनुपर्ने भएको हुँदा सभा हुने मिति भन्दा कम्तीमा ३६ घण्टा अगावै Meeting ID र Passcode लिईसक्नु हुन अनुरोध गरिन्छ ।

२. नावालक शेयरधनीको हकमा निजको संरक्षकले सभामा भाग लिन सक्नुहुनेछ । साथै, संस्थागत शेयरधनीहरूको हकमा सो संस्थाले नियुक्त गरेको निजको पदाधिकारी वा कर्मचारीले साधारण सभामा भाग लिन सक्नेछ । त्यस्तो प्रतिनिधी नियुक्त गरेको पत्रमा प्रतिनिधीको नाम तथा निजको इमेल ठेगाना खुलाई कम्पनीमा info@bpc.com.np वा rta@nabilinvest.com.np मा सभा हुनुभन्दा कम्तीमा ३६ घण्टा अगावै इमेल गरी पठाउनु पर्नेछ र सो पत्रमा उल्लेखित प्रतिनिधीको इमेल ठेगानामा सभाको Meeting ID र Passcode पठाइनेछ ।

३. प्रोक्सी मार्फत साधारण सभामा भाग लिन चाहने शेयरधनीले कम्पनीको वेभसाईटमा राखिएको प्रोक्सी फारम डाउल लोड गरी सो भरेर info@bpc.com.np वा rta@nabilinvest.com.np मा सभा हुनुभन्दा कम्तीमा ३६ घण्टा अगावै इमेल

गर्नु पर्नेछ र सो प्रोक्सीमा उल्लेखित प्रतिनिधिको इमेल ठेगानामा सभाको Meeting ID र Passcode पठाइने छ ।

४. साधारण सभा हुने समयभन्दा एक घण्टा अगावै देखी ZOOM मा Join गर्न सकिनेछ । सभामा प्रस्तुत प्रस्ताव उपर छलफलमा भागलिन चाहने शेयरधनीले Chat Box मा Message गरी समय लिएर छलफलमा भाग लिन सकिने व्यवस्था गरिएको छ ।

५. कम्पनी ऐन, २०६३ को दफा ८४ वमोजिम संक्षिप्त आर्थिक प्रतिवेदन राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा अलग्गै प्रकाशित गरिएको छ र सो प्रतिवेदन सहितको संक्षिप्त वार्षिक प्रतिवेदन तथा कम्पनी सम्बन्धी अन्य जानकारीहरू कम्पनीको वेभ साईट www.bpc.com.np मा हेर्न तथा डाउनलोड गर्न सकिने छ ।

६. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनु पर्नेछ ।

७. कम्पनीको शेयर दाखिल खारेजको कार्य मिति २०७७।९।१७ देखी मिति २०७७।९।२८ सम्म बन्द रहने छ ।

८. अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौमा फोन नं. ४७८१७७६ मा श्री निरज पोखरेल वा श्री प्रतिज्ञा शर्मालाई तथा शेयर रजिष्ट्रार श्री नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायण चौर नक्साल, काठमाडौं फोन नं. ४४११६०४ वा ४४११७३३ ext. १४० वा १५२ वा ११६ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

आज्ञाले
कम्पनी सचिव

बुटवल पावर कम्पनी लि.

बुद्धनगर, बानेश्वर, काठमाण्डौ

प्रवन्धपत्र संशोधनको तीन महले विशेष प्रस्ताव

हालको व्यवस्था	संशोधित व्यवस्था	संशोधनको कारण
५. कम्पनीको शेयर पूँजीः (ख) कम्पनीको जारी पूँजी रू. २,६८,४६,११,००० (दुई अरव अठ्साठी करोड छयालिस लाख एघार हजार रूपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १०० का दरका २,६८,४६,११० कित्ता साधारण शेयरमा विभाजन गरिनेछ ।	५. कम्पनीको शेयर पूँजीः (ख) कम्पनीको जारी पूँजी रू. २,९५,२२,७०,००० (दुई अरव पन्चानब्बे करोड बाईस लाख सत्तरी हजार रूपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १०० का दरका २,९५,२२,७०० कित्ता साधारण शेयरमा विभाजन गरिनेछ ।	बोनस शेयर जारी गर्नका लागि पूँजी बृद्धि गर्न बान्छनीय भएको ।